**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs Date:**

**19.07.2025**

- **GCI Sheet Distribution**

राज्यको छहवटै जिल्लाका विभिन्न स्थानमा आज कार्यक्रमनै आयोजना गरेर लाभार्थीहरूलाई जीसीआई सिट च्यादर वितरण गरियो।

यता गान्तोक जिल्लाको अप्पर बुर्तक निर्वाचन क्षेत्रको रेशीथाङ मेला ग्राउण्डमा सम्पन्न कार्यक्रममा अप्पर तादोङ, आरिथाङ, गान्तोक, अप्पर बुर्तुक, संघ र सारथी संघका लाभार्थीहरूलाई च्यातर वितरण गरियो। यस अवसरमा कूल चौंतीसवटा खण्डलाई जीसीआई सीटको टोकन पनि वितरण गरियो।

कार्यक्रमका मुख्य अतिथि मन्त्री सोनाम लामाले भन्नुभयो, ग्रामीण क्षेत्र विकास विभागको काम ग्रामीण क्षेत्रका जनतासँग जोडिनका साथै उनीहरूको समस्या सुनेर समाधान गर्नु हो। एसकेएम सरकार बोल्ने मात्र होइन काम गरेर देखाउने सरकार हो भन्दै उहाँले भन्नुभयो, आज बत्तीसवटा निर्वाचन क्षेत्रमा च्यादर वितरण भएको छ अनि मुख्यमन्त्री प्रेमसिंह तामाङले दिएको बचन पूरा भएकोमा जनता खुशी छन्। श्री लामाले भन्नुभयो, सरकारले गरेको राम्रो कामलाई धन्यवाद दिनुपर्छ अनि नराम्रो कामको आलोचना पनि हुनुपर्छ। उहाँले सरकारले चुनाउको समयमा दिएको बचन क्रमबद्ध रूपमा पूरा हुँदै गइरहेको बताउनुभयो।

क्षेत्र विधायक कला राईले आज वितरण गरिएको च्यादर बिक्री नगरेर घरको निम्ति प्रयोग गरिदिन सबैलाई आग्रह गर्नुभयो। यस अवसरमा मन्त्रीहरू अरूण उप्रेती र जीटी ढुङ्गेल अनि विधायकहरूमा कला राई र दिले नामग्याल बरफुङपा उपस्थित हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

- **PCR Based Diagnosis**

पशुपालन तथा पशु चिकित्सा सेवा विभागअन्तर्गत राज्य पशु रोग निदान प्रयोगशाला, गान्तोकले राज्यमै पहिलोपल्ट लम्पी छाला रोग र African Swine Fever-का निम्ति Polymerase Chain Reaction (PCR) आधारित निदान शुरू गरेको छ।
PCR मानकीकरणमाथि लामो समयको परीक्षणपछि, प्रयोगशाला अन्ततः लम्पी छाला रोग भाइरस र African Swine Fever Virus-को अवस्थालाई नियन्त्रित गर्न सक्षम बनेको छ। PCR मानकीकरण प्रक्रियाका क्रममा राष्ट्रिय उच्च सुरक्षा पशु रोग संस्थान, भोपाल र विश्व पशु स्वास्थ्य संगठनद्वारा जारी मानक परिचालन प्रक्रियाको पालन गरिएको थियो।
राज्यमा गाईवस्तु र सुँगुरमा यस रोगको बढ्दो घटनापछि यी दुवै रोगको राज्य स्तरमा प्रारम्भिक पहिचानमा ध्यान केन्द्रित गर्न शुरू गरिएको थियो।

---------------------------------------X---------------------------------------

**BAS Meets with HCM**

सिक्किम ब्याडमिन्टन संगठनको टोलीले आज मुख्यमन्त्री प्रेमसिंह तामाङसित भेट गर्दै हालै सम्पन्न प्रथम सिक्किम राज्य अन्तर विद्यालय ब्याडमिन्टन प्रतियोगिता २०२५-को विस्तृत प्रतिवेदन प्रस्तुत गऱ्यो। संगठनका प्रमुख संरक्षक पनि रहनुभएका मुख्यमन्त्रीसितको भेट अवधि टोलीले सिक्किमका छहवटै जिल्लामा सफलतापूर्वक सम्पन्न जिल्ला स्तरीय प्रतियोगिताबारे अवगत गरायो। राज्यभरि सम्पन्न प्रतियोगितामा तीन सयभन्दा अधिक विद्यालयका विद्यार्थीले सहभागिता जनाए।

यस अवसरमा मुख्यमन्त्री श्री तामाङले विद्यार्थीहरूमाझ ब्याडमिन्टन खेलको प्रवर्द्धन गर्नमा रहेको संगठनको समर्पण र निम्न स्तरसम्मको पहुँको सराहना गर्नुभयो। प्रथम अन्तर विद्यालय प्रतियोगिताको फाइनल खेल आगामी बाह्र अगस्तमा गान्तोकमा सम्पन्न हुनेछ, जस अवसरमा मुख्यमन्त्री सहभागी बन्ने कार्यक्रम छ।

यस अवधि छब्बीसदेखि अट्ठाइस जुलाईसम्म सम्पन्न हुने स्वर्गीय कुलदिप गुरूङ राज्य जुनियर तथा सब-जुनियर ऱ्याङ्किङ ब्याडमिन्टन च्याम्पियनसिपको पोस्टर औपचारिक रूपमा सार्वजनिक गरियो।

---------------------------------------X---------------------------------------

- **PSSCSOA President Rungdung School**

सिक्किम राज्य नागरिक सेवा अधिकारी संगठनका अध्यक्ष तथा पञ्चायती राज विभागका सचिव दुष्यन्त परियारले आज पाकिम जिल्लास्थित रिनाक रूङदुङ सरकारी प्राथमिक विद्यालयको भ्रमण गर्नुभयो। यो भ्रमण दुर्गम क्षेत्रका सरकारी विद्यालयहरूमा टिकाउ तथा आवश्यक सुविधाहरू उपलब्ध गरेर सहयोग पुऱ्याउने संगठनको पहुँच पहलको एक भाग हो।

संगठनले समग्र विकासका लागि विद्यालयलाई गोध लिने, बाँझो जमीन पुनः बालियोग्य बनाउन मिशन - कनेक्ट अर्थ, सर-सफाइ तथा टिकाउ पर्यावरणमा केन्द्रित पहलसहित संरचित कार्यक्रमहरूको शुरूवात गरेको छ। सिक्किम नागरिक सेवा अधिकारीहरूको सक्रिय सहभागिता र सामाजिक पहुँचलाई व्यापक बनाउन यो कार्यक्रम तयार पारिएको हो।

यस विद्यालयलाई गोध लिनुको उद्देश्य पूर्वाधार अभिवृद्धि गर्नका साथै आवश्यक सेवाबाट वञ्चित विद्यालयहरूको आवश्यकता पूरा गर्नु हो, जस कारण विद्यार्थी र संस्थाको समग्र विकासलाई टेवा पुगोस्। भ्रमण अवधि श्री परियालले शिक्षकहरूसित अन्तरक्रिया गर्दै सहायताका निम्ति आवश्यक विषयबारे जानकारी लिनुभयो, ताकि संगठनले निर्धारित सुविधा सुनिश्चित गर्न सकोस्।

---------------------------------------X---------------------------------------

- **NCORD Meeting**

नशालु पदार्थको प्रसार विरूद्धको प्रयासलाई दह्रिलो पार्ने उद्देश्यका साथ जिल्ला स्तरीय लागूऔषध समन्वय अथवा N-CORD समितिको महत्त्वपूर्ण बैठक आज मंगन जिल्ला प्रशासनिक केन्द्रमा बस्यो। मंगनका अतिरिक्त जिल्लाधीश पेमा वाङछेन नामकर्पाको अध्यक्षतामा बसेको बैठक अवधि जिल्लामा नशालु पदार्थको प्रसार विरुद्ध समन्वित कार्यवाहीको समीक्षा र सुदृढीकरण गर्ने उद्देश्यले विभिन्न विभागका प्रमुखहरूलाई निम्त्याइएको थियो।

---------------------------------------X---------------------------------------